बैठक नं ४

आज मिति २०८१।०७।१३ गते मंगलबारको दिन विहान १०:०० बजे यस वराहपोखरी गाउँपालिकाका अध्यक्ष श्री शालिकराम बन्जाराज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न विषयमा छलफल एवं निर्णय गरियो ।

**उपस्थिति**

| क्र सं | पद | पदाधिकारीको नाम र थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री शालिकराम बन्जारा | |
| २ | उपाध्यक्ष | श्री भुवलराज राई | |
| ३ | प्र.प्र.अ./सदस्य सचिव | श्री दिल कुमार अधिकारी | |
| ४ | सदस्य | श्री ढक बहादुर कार्की | |
| ५ | सदस्य | श्री पदम बहादुर मगर | |
| ६ | सदस्य | श्री तारा कुमार राई | |
| ७ | सदस्य | श्री सन्तोष आचार्य | |
| ८ | सदस्य | श्री फौदराज राई | |
| ९ | सदस्य | श्री दुर्गा बहादुर राई | |
| १० | सदस्य | श्री गणेश बहादुर परियार | |
| ११ | सदस्य | श्री पुर्ण बहादुर माझी | |
| १२ | सदस्य | श्री चिजा दर्जी | चिजा |
| १३ | सदस्य | श्री शोभा राई | |
| १४ | सदस्य | श्री कमला नेपाली | |
| १५ | सदस्य | श्री मनिशा विश्वकर्मा | |

१. छत्र बहादुर बौतिय लेखा अधिकृत C.Baud
२. सुजिप नगाइ. सु. प्र. अ.
३. रमेश पोखरेल (इन्जि) पार्टी

## प्रस्तावहरु

१. हरि बोधिनी एकादशी तयारी तथा व्यवस्थापन सम्बन्धमा।
२. कृषि एम्बुलेन्स सञ्चालन कार्यविधि सम्बन्धमा।
३. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको समिक्षा सम्बन्धमा।
४. SEE उत्कृष्ट छात्रवृती सम्बन्धमा।
५. श्रम डेस्क स्थापना सम्बन्धमा।
६. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा।
७. राहत सम्बन्धमा।

## निर्णयहरु

**निर्णय नं. १:** परापूर्व कालदेखि वराहपोखरी गाउँपालिका वडा नं. १ मा रहेको शंखेश्वरी महादेव र वराहपोखरीमा प्रत्येक वर्ष हरिवोधनी एकादशीका दिन अन्य स्थानीय तहहरुबाट समेत धर्मावलम्बीहरु उपस्थित हुने र यस स्थानीय तहका बासिन्दाहरु समेत सो पर्व मनाउन वराहपोखरी आउने भएको हुँदा स्थानीय विदा अन्तर्गत २०८१।०७।२७ गते मंगलबार हरिबोधिनी एकादशी भएकोले सोको अघिल्लो दिने समेत गरी मिति २०८१।०७।२६ र २०८१।०७।२७ गते दुई दिन स्थानीय विदा दिने निर्णय गरियो। वि.सं. २०८१ सालको हरिबोधिनी एकादशीका सन्दर्भमा तपसिल बमोजिमको शिर्षकमा बजेट निर्धारण गरि उल्लेखित शिर्षकमा नियमानुसार बजेट व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

### तपसिल

१. फोहोर व्यवस्थापन: रु १०,०००।००
२. शान्ती सुरक्षा व्यवस्थापन: रु ५०,०००।००
३. अस्थाई ट्वाइलेट तथा धामी झाक्री बस्ने अस्थायी घर: रु ३०,०००।००
४. बत्ती व्यवस्थापन: रु ३५,०००।००
५. पानी व्यवस्थापन: रु ३,०००।००

**जम्मा: रु १,२८,०००।०० (एक लाख अट्ठाइस हजार मात्र)**

हरिबोधनी एकादशी मेलाका सन्दर्भमा आउने व्यापारी तथा धर्मावलम्वीहरुले प्रयोग गर्ने सवारी साधन तथा व्यापारीक कार्यको सन्दर्भमा मन्दिर संरक्षण समिति मार्फत मेलाका सहभागी व्यापारी तथा धर्मावलम्वीहरुसँग देहायको विषयमा देहायको रकम ननाघ्ने गरी कर निर्धारण गर्ने निर्णय गरियो। सम्बन्धित वडाका वडा अध्यक्ष पदेन सदस्य रहने गरी मन्दिर संरक्षण समितिले सम्बन्धित वडा कार्यालयबाट अनुमोदन गर्ने गरी समितिको निर्णयानुसार मेला व्यवस्थापन समिति गठन गरी आय व्ययको विवरण १ नं वडा कार्यालय मार्फत पेश गरी अनुमोदन गर्ने समेतको निर्णय गरियो। साथै उक्त मेलामा न्युनतम राजश्व संकलन रकम रु. ४० हजारबाट बढाबढ हुने गरि सम्बन्धित वडा कार्यालयबाट उथासिघ्र तपसिलको दररेटमा सूचना प्रकाशन गरि राजश्व संकलन गर्न निर्देशन दिने निर्णय गरियो।

### तपसिल

| सि नं | शिर्षक | कर शुल्क | कैफियत |
|---|---|---|---|
| १ | दुई पांग्रे सवारी साधन | रु १००।०० | प्रति दिन |
| २ | तिन पांग्रे अटो | रु १००।०० | प्रति दिन |
| ३ | चार पांग्रे सवारी साधन | रु ५००।०० | प्रति दिन |
| ४ | साना होटल | रु ५००।००, २००।०० र १००।०० | प्रति दिन |
| ५ | ठुला होटल | रु १०००।०० | प्रति दिन |
| ६ | खुद्रा तथा साना किराना पसल | रु ५००।००, २००।००, १००।०० र ५०।०० | प्रति दिन |
| ७ | ठुला किराना पसल | रु १०००।०० | प्रति दिन |
| ८ | बधसाला | रु ५००।०० | प्रति दिन |